आज मिति २०८२ फागुन २६ गते दिउँसो १:३० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीहरूको नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८२ फागुन २६ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

### निर्णय नं. १

सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको कार्यक्रम Procurement and Supply of Electronics Items for Educational Quality Improvement Program Package-1 (ठेक्का न. NCB/TRM/GOODS/04/2082-83) को आपूर्तिकर्ता श्री बाल्ट्रा पेट्रोकेमिकल प्रा.लि. धनगढी, कैलाली सँग भएको खरिद सम्झौता बमोजिम तोकिएको म्याद सम्म सम्झौता अनुसारको कुनै पनि मालसामान आपूर्ति कार्य नभएको हुँदा सम्झौताको शर्त र प्रचलित कानुन बमोजिम उक्त खरिद सम्झौता अन्त्य गरी आवश्यक कार्वाही प्रक्रिया प्रारम्भ गर्ने।

### निर्णय नं. २

विपदजन्य घटनाबाट आवास पूर्ण क्षति भई तत्काल बसोबासको समस्यामा भएका परिवारको आवासको हक प्रत्याभूति गर्न देहायका पिडित परिवारलाई तत्काल आवास निर्माण लागि विपद कोषबाट खर्च गरी व्यवस्थापन गर्न बजेट विनियोजन गर्ने तथा भएको खर्च समर्थन गर्ने।

| क्रस | पिडितको नाम | ठेगाना | विपदको प्रकार | वापत | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | चन्द्र बहादुर रोकाया | थलारा ६ | आगलागी | घर मर्मत | १ लाख |
| २ | रम्भा देवी नेपाली | थलारा ४ | वर्षाद | घर मर्मत | १ लाख |
| ३ | जलादेवी पाध्या | थलारा ३ | आगालागी | भान्सा मर्मत | २५ हजार |

### निर्णय नं. ३

थलारा ३ धामीगाउँ बस्ने श्री चन्द्र बहादुर धामीको छोरा अनिल धामी मानसिक स्वास्थ्य समस्याका कारण विभिन्न अवाञ्छित कार्यहरु गर्ने गरेकोले निजलाई सुधार केन्द्रमा पठाइ स्वास्थ्य सुधारका लागि निजको पारिवारिक आर्थिक अवस्था अति कमजोर भएकोले गाउँपालिकाबाट सहयोग गरी दिन अनुरोध भए बमोजिम निजलाई हाललाई ३ महिनाका लागि सुधार केन्द्रमा पठाउन लाग्ने खर्च गाउँपालिकाबाट बेहोर्ने।

### निर्णय नं. ४

देहाय बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट औषधी उपचारका लागि नगद आर्थिक सहयोग गर्न स्वीकृत गर्ने तथा भुक्तानी भइसकेको अनुमोदन गर्ने।

| सि.न. | नाम | ठेगाना | सहयोग रकम रु. | प्रयोजन |
|---|---|---|---|---|
| १ | जनक थापा | थलारा ६ | २५,०००/- | औषधी उपचार |
| २ | कलक बहादुर सार्की | थलारा ४ | २५,०००/- | औषधी उपचार |
| ३ | नर बहादुर धामी | थलारा ३ | ३०,०००/- | औषधी उपचार |
| ४ | निखिल रोकाया | थलारा ६ | १०,०००/- | औषधी उपचार |
| ५ | विकास सवखोली | थलारा ५ | १४,०००/- | औषधी उपचार |
| ६ | किस्न सार्की | थलारा ५ | ८,०००/- | औषधी उपचार |
| ७ | दामोदर गिरी | थलारा ६ | १०,०००/- | औषधी उपचार |
| ८ | शेर बहादुर साउँद | थलारा ५ | १९,०००/- | औषधी उपचार |

२०८२/११/२६